# वागलुङ नगरपालिका
## वागलुङ

नगरपालिकाको कार्यविधि संख्या- : ०३/२०७५

# निर्माण व्यवसाय ईजाजत पत्र सम्बन्धी कार्यविधि-२०७५

| नगर कार्यपालिकाबाट स्वीकृत मिति-: २०७५।७२०.. |
|---|

वागलुङ नगरपालिका.,वागलुङ

गण्डकी प्रदेश

# वागलुङ नगरपालिका
## वागलुङ

## निर्माण व्यवसाय ईजाजत-पत्र सम्बन्धी कार्यविधि-२०७५

**प्रस्तावना :**

स्थानीयस्तरको विकास निर्माणमा नीजि क्षेत्रको ज्ञान र विषेशज्ञतालाई उपयोग गर्न तथा सार्वजनिक खरिदको मूलभूत विशेषताहरुलाई अक्षुण्ण राखी सार्वजनिक निर्माणको क्षेत्रमा पारदर्शिता, स्वच्छता, ईमान्दारीता, जवाफदेहीता, विश्वसनियता तथा भेदभाव रहित प्रतिस्पर्धा तथा श्रोत साधनको उच्चतम उपयोग जस्ता उद्धेश्यहरु हाँसिल गर्न सार्वजनिक निर्माणमा निजिक्षेत्रको सहज पहुँच अभिबृद्धि गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन-२०७४ को दफा ११ को उपदफा २ को खण्ड "छ" को (१०) ले दिएको अधिकार प्रयोग गरी वागलुङ नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ४ वमोजिम "घ" वर्गको निर्माण व्यवसाय ईजाजत पत्र सम्बन्धी व्यवस्था गर्नका लागि बागलुङ नगर कार्यपालिकाले यो कार्यविधि जारी गरेकोछ ।

### परिच्छेद-१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम वागलुङ नगरपालिका, निर्माण व्यवसाय ईजाजत पत्र सम्बन्धी कार्यविधि-२०७५ रहेकोछ ।

(२) यो कार्यविधि बागलुङ नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) कार्यविधि -भन्नाले निर्माण व्यवसाय ईजाजत पत्र सम्बन्धी कार्यविधि-२०७५ लाई सम्झनु पर्दछ ।

(ख) "सार्वजनिक निर्माण कार्य" भन्नाले प्रचलित कानुन बमोजिम नेपाल सरकार तथा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको तर्फबाट सम्पन्न गरिने जुनसुकै प्रकारका निर्माण सम्बन्धि कार्य सम्झनु पर्दछ र सो शब्दले पुनः निर्माण तथा मर्मत सम्भारको कार्य समेतलाई जनाउँछ ।

(ग) "निर्माण व्यवसायी" भन्नाले निर्माण व्यवसाय सञ्चालन गर्ने उद्देश्यले प्रचलित कानुन बमोजिम दर्ता भएको फर्म वा कम्पनि सम्झनु पर्दछ ।

(घ) "ईजाजत पत्र" भन्नाले सार्वजनिक निर्माण कार्य गर्नको लागि दफा ४ बमोजिम दिईने ईजाजत पत्र सम्झनु पर्दछ ।

(ङ) "संगठित संस्था" भन्नाले नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था सम्झनु पर्दछ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम भन्नाले यस कार्यविधि वा प्रचलित ऐन नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

## परिच्छेद-२

## ईजाजत पत्र संबन्धि व्यवस्था

### ३. ईजाजत पत्र प्राप्त नगरी सार्वजनिक निर्माण कार्य गर्न नहुने :

प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको वाहेक यस कार्यविधि बमोजिम इजाजतपत्र प्राप्त नगरी “घ” वर्गको निर्माण व्यवसायीको नामबाट कसैले पनि सार्वजनिक निर्माण कार्य गर्न गराउन हुँदैन ।

### ४. नयाँ ईजाजत पत्र सम्वन्धी व्यवस्था :

(१) सार्वजनिक निर्माण कार्य गर्न चाहने निर्माण व्यवसायीले **अनुसूची-१** बमोजिमको ढाँचामा सार्वजनिक निर्माण कार्य गर्न ईजाजत पत्रको लागि यस बागलुङ नगरपालिकाको कार्यालयमा प्रमूख प्रशासकीय अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ

(२) उपदफा (१) बमोजिम पर्न आएका दरखास्तहरु प्रमूख प्रशासकीय अधिकृतले **अनुसूची-५** बमोजिमको योग्यता भए/नभएको सम्वन्धमा सिभिल ईन्जिनियर/सव ईन्जिनियर समेतका सदस्यहरु भएको देहाय वमोजिमको समितिबाट जाँचवुझ गराउनु पर्नेछ ।

| | |
|---|---|
| १. नगर कार्यपालिकाको कार्यालयको प्रमुख ईञ्जिनियर | - संयोजक |
| २. प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगर कार्यपालिकाको कार्यालयको एकजना अधिकृत | - सदस्य |
| ३. प्रमुख प्रशासकीय अधिकृतले तोकेको नगर कार्यपालिकाको कार्यालयको एकजना ईञ्जिनियर | - सदस्य सचिव |

(३) उपदफा (२) अनुसारको समितिले गरेको सिफारिस सहित प्रमूख प्रशासकीय अधिकृतले ईजाजत पत्र प्रदान गर्ने निर्णयका लागि कार्यपालिकाको वैठकमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (२) बमोजिम समितिको सिफारिस सहित न्युनतम योग्यता पुगेका निर्माण व्यवसायी फर्म /कम्पनीहरुको ईजाजतपत्र कार्यपालिकाको निर्णय वमोजिम नगरपालिकाको प्रमूख प्रशासकीय अधिकृतले इजाजतपत्र बापत **अनुसूची-२** बमोजिमको दस्तुर लिई निजलाई **अनुसूची-३** बमोजिमको ढाँचामा इजाजतपत्र प्रदान गर्नेछ ।

### ५. इजाजतपत्रको अवधि र नविकरण :

(१) दफा ४ बमोजिम प्रदान गरिएको ईजाजत पत्र दफा ६ बमोजिम खारेज भएको वा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएको अबस्थामा बाहेक चालु आर्थिक वर्षको अन्त्यसम्म मात्र मान्य रहनेछ ।

(२) उपदफा (१) बमोजिम ईजाजतपत्रको अवधि समाप्त भएका प्रत्येक निर्माण व्यवसायीले ईजाजत पत्रको अवधि समाप्त भएको मितिले ३ महिना भित्र प्रचलित कानून बमोजिम संघ, प्रदेश र स्थानीय तहलाई तिर्नुपर्ने कर तिरी सकेको प्रमाण स्वरुप सम्बन्धित संघीय/प्रदेश/स्थानीय कर कार्यालयबाट प्राप्त कर चुक्ता प्रमाणपत्र तथा फर्म वा कम्पनीको दर्ता नविकरण सहित बागलुङ नगर कार्यपालिकाको कार्यालयबाट अनुसूची -२ मा व्यवस्था भए वमोजिमको दस्तुर तिरी नविकरण गराउनु पर्नेछ । ईजाजत पत्र नविकरण गर्न नगरपालिकामा कागजात पेशगर्दा अनुसूची -४ वमोजिमको पास वुक भरी अघिल्लो आर्थिक वर्षको सो फर्म वा कम्पनीले आफुले गरेको कार्यहरुको अद्यावधिक विवरण समेत पेश

गर्नु पर्नेछ । यसरी अनुसूची-४ वमोजिमको पास वुक विवरण अद्यावधिक नगर्ने फर्म वा कम्पनीको ईजाजत पत्र नविकरण गर्न बागलुङ नगरपालिका बाध्य हुनेछैन ।

(३) उपदफा (२) बमोजिमको म्याद नाघेको ३ महिना भित्र सबै प्रक्रिया पुरागरी ईजाजतपत्र नवीकरण गराउन चाहने निर्माण व्यवसायीले नविकरण गर्न माग गरेमा अनुसूची -२ बमोजिमको थप दस्तुर लिई प्रमुख प्रशासकीय अधिकृतले ईजाजतपत्र नवीकरण गरी दिनेछ ।

## ६. ईजाजत पत्रको खारेजी :

(१) देहायको अवस्थामा  बागलुङ नगरपालिकाले निर्माण व्यवसायीको ईजाजतपत्र खारेज गर्न सक्नेछ :

(क) झुट्ठा विवरण पेशगरी इजाजतपत्र प्राप्त गरेको प्रमाणित भएमा,

(ख) सार्वजनिक निर्माण कार्य गर्ने वा गर्न पाउने उद्देश्यले नेपाल सरकार तथा संगठित संस्थामा झुट्ठा विवरण पेश गरेको सम्वन्धित निकायवाट लेखि आएमा,

(ग) सार्वजनिक निकायसंग भएको सम्झौता वमोजिम कार्य सम्पन्न नगरेको वा सम्झौताको गम्भिर उल्लंघन भएको सम्वन्धित निकायवाट लेखि आएमा,

(२) उपदफा (१) बमोजिम ईजाजत पत्र खारेज गर्नु अघि सम्बन्धित निर्माण व्यवसायीलाई स्पष्टीकरण पेश गर्न मनासिब माफिकको मौका दिइने छ ।

(३) दफा ५ को उपदफा (३) बमोजिमको म्यादभित्र नवीकरण नभएको ईजाजत पत्र स्वतः खारेज हुनेछ ।

(४) उपदफा (१) वा (३) बमोजिम ईजाजतपत्र खारेज भएकोमा बागलुङ नगरपालिकाले त्यसको जानकारी सम्बन्धित फर्म वा व्यक्ति वा कम्पनी दर्ता गर्ने कार्यालयलाई दिनेछ ।

## ७. ईजाजत पत्रको प्रतिलिपी दिने व्यवस्था :

कुनै निर्माण व्यवसायीले ईजाजत पत्र हराए वा नाँसिएको कारणबाट ईजाजत पत्रको प्रतिलिपी पाउन निवेदन गरेमा अनुसूची-२ बमोजिमको दस्तुर लिई ईजाजत पत्रको प्रतिलिपी दिइने छ ।

## ८. प्रचलित कानून बमोजिम हुने :

यस कार्यविधिमा लेखिए जति यसै बमोजिम र अन्यको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

## ९. बचाउः

यस अघि प्रचलित कानून बमोजिम दर्ता भएका ठेक्का वन्दोवस्ती सम्बन्धी फर्म तथा कम्पनीहरुलाई दिइएको ईजाजत पत्रहरु यसै कार्यविधि बमोजिम दिइएको मानिने छ ।

## अनुसूची-१

कार्यविधि को दफा ४ को उपदफा (१) संग सम्वन्धित

ईजाजतपत्रको लागि दिईने दरखास्त

विषय : **इजाजतपत्र पाउँ भन्ने बारे ।**

दरखास्त वालाको फोटो

श्री बागलुङ नगर कार्यपालिकाको कार्यालय

बागलुङ ।

यस बागलुङ नगर कार्यपालिका कार्यालयको "घ" वर्गको निर्माण व्यवसायी इजाजतपत्र सम्बन्धी कार्यविधि-२०७५ बमोजिम सार्वजनिक निर्माण कार्य गर्नको लागि ईजाजतपत्र पाउन निम्न विवरण भरी यो दरखास्त पेश गरिएको छ ।

१. दरखास्त पेश गर्ने फर्म वा कम्पनीको,-

नाम :-

ठेगाना :-

पोष्ट बक्स :-

टेलिफोन नं.　　　फ्याक्स नं.:-　　　ईमेल :-

२. फर्म वा कम्पनीको प्रकृति :- (कोष्ठमा रेजा लगाउनु पर्नेछ)

| | | | |
|---|---|---|---|
| | प्राईभेट लिमिटेड कम्पनी | | पब्लिक लिमिटेड कम्पनी |
| | एकलौटी | | साझेदारी |

३. सम्पर्कको लागि फर्म वा कम्पनीको आधिकारीक व्यक्तिको :-

नाम थर :-

ठेगाना :-

पोष्ट बक्स :-　　　टेलिफोन नं.　　　फ्याक्स नं.:-

ईमेल :-

४. फर्म वा कम्पनीको विवरण :-

दर्ता नं. :-　　　दर्ता मिति :-

अधिकृत पूँजी :-　　　जारी पूँजी :-

दर्ता गर्ने कार्यालयको नाम र ठेगाना :-

५. इजाजतपत्र लिन चाहेको वर्ग :- (घ) वर्ग

६. समूहीकरण हुन चाहेको समूह :-

७. आर्थिक श्रोतको विवरण :-

| | रकम | वित्तीय संस्था / बैंकको नाम |
|---|---|---|
| स्थायी ओभरड्राफ्ट | | |
| मुद्दती खाता | | |
| चल्ती खाता | | |
| बचत खाता | | |

उल्लेखित विवरण बाहेक अन्य विवरण भए छुट्टै पेश गर्न सकिनेछ।

८. कामदारको विवरण :-

(क) प्राविधिक :-

(ख) अप्राविधिक :-

(ग) अन्य :-

**द्रष्टव्य** : प्राविधिक कर्मचारीको Certificate को प्रतिलिपि, निजलाई गरिएको नियुक्ति र निजको मञ्जुरीनामा पेश गर्नु पर्ने छ।

९. आफ्नो स्वामित्वमा रहेको निर्माण सम्बन्धी सवारी साधन मेशिनरी औजारको विवरण :-

| सि.नं. | नाम तथा विवरण | दर्ता नं | क्षमता संख्या | मूल्य | खरिद मिति | अन्य व्यहोरा |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

**द्रष्टव्य** : यस विवरणमा उल्लेखित सवारी साधन तथा मेशिनरी औजारहरुको स्वामित्वको कागजात (दर्ता प्रमाणपत्र) र उक्त मेशिनरी औजारहरु चालु हालतमा रहेको छ भनी मेकानिकल ईन्जिनियर द्वारा प्रमाणित भएको हुनु पर्नेछ।

१०. यस अघि सम्पन्न गरेको कामको विवरण :-

| सि.नं. | निर्माण सम्बन्धी कामको प्रकृति | काम गरेको साल | रकम | ठेक्कादाता कार्यालयको नाम | कामको अवस्था (प्रगति प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |

११. करचुक्ता गरेको प्रमाण कागजात :-

क.

ख.

ग.

यस दरखास्त फारममा उल्लेखित सम्पूर्ण व्यहोरा ठीक साँचो छ । झुट्ठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला

निर्माण व्यवसायीको छाप

दरखास्तवालाको दस्तखत :

नाम :

मिति :

द्रष्टव्य : यस दरखास्त फारम साथ दरखास्त फारममा उल्लेख भएको व्यहोरा पुष्टि गर्न सम्बन्धित कागजातको प्रमाणित प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले माग गरेको बखत सक्कल कागजात पेश गर्नु पर्नेछ ।

## अनुसूचि-२

### कार्यविधिको दफा-४ को उपदफा ४ र दफा-५ को उपदफा २ र ३ सँग संबन्धित

| क्र.सं. | निर्माण व्यवसायीको वर्ग | ईजाजतपत्र दस्तुर | ईजाजत पत्र नवीकरण दस्तुर (असोज मसान्तसम्म) | ईजाजत पत्र नवीकरण थप दस्तुर (पौष मसान्तसम्म) | ईजाजत पत्र नवीकरण जरिवाना दस्तुर (चैत्र मसान्तसम्म) | ईजाजत पत्रको प्रतिलिपि दस्तुर |
|---|---|---|---|---|---|---|
| १ | "घ" | रु. ५०००।- | रु. ३०००।- | रु. ५०००।- | रु. १०,०००।- | रु. ५००।- |

***द्रष्टव्य :*** *घ वर्गको निर्माण व्यवसायी इजाजतपत्र संबन्धि कार्यविधि-२०७५ को दफा ५ को उपदफा (२) बमोजिम म्याद भित्र ईजाजतपत्र नवीकरण गराउँदा इजाजतपत्र नवीकरण थप दस्तुरको महलमा उल्लेखित दस्तुर मात्र तिर्नुपर्नेछ । चालु आ.व.को अन्तसम्ममा पनि नविकरण गर्न नआएमा ईजाजत पत्र स्वतः खारेज हुने छ ।*

**अनुसूचि-३**

**कार्यविधिको दफा-४ को उपदफा ४ र दफा-५ को उपदफा ३ सँग संबन्धित**

**इजाजतपत्र :**

**इजाजतपत्र नं. :** ........ **मिति :** ..........................

बागलुङ नगर कार्यपालिकाको कार्यालय

बागलुङ

“घ” वर्गको निर्माण व्यवसायी इजाजतपत्र संबन्धि कार्यविधि-२०७५ को दफा ४ को उपदफा (४) बमोजिम निर्माण व्यवसाय गर्न ............................. स्थित कार्यालय भएको .................................... फर्म वा कम्पनिलाई यो इजाजतपत्र प्रदान गरिएको छ ।

| वर्ग खुलाउने |
|---|

ईजाजतपत्र दिनेको दस्तखत : .................

नाम : .........

पद : ...........

(माथी कोष्टमा कुन वर्ग लेख्नु पर्ने हो सोही वर्ग लेख्ने) मिति : ........

बागलुङ नगर कार्यपालिकाको कार्यालय, बागलुङ ।

नवीकरण :

| नवीकरण गर्ने अधिकारी | नवीकरण गरेको मिति | नवीकरण बहाल रहने अबधि | नवीकरण दस्तुर भैचर नं. र मिति | इजाजतपत्र नवीकरण थप दस्तुर | नवीकरण गर्ने अधिकारीको दस्तखत |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

# अनुसूचि-४

(कार्यविधिको दफा ५ को उपदफा २ संग सम्बन्धित)

## निर्माण व्यवसायीबाट भएका सार्वजनिक निर्माण कार्यको अभिलेख विवरण (पासवुक)

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आयोजनाको नाम | | | | | | | |
| सार्वजनिक निकायको विवरण | | | | | | | |
| संयुक्त उपक्रमको नाम (यदि भएमा) | | | | | | | |
| शेयर (%) | | | | | | | |
| ठेक्का विवरण | क) ठेक्का रकम . | ख) सम्झौता मिति : .... | ग) ठेक्का अवधि.......... | | | | |
| सार्वजनिक निकायको तर्फवाट हस्ताक्षर गर्ने पदाधिकारीको विवरण | क) नाम : ......... | ख) पद :........ | ग) हस्ताक्षर........ | घ) छाप......... | | | |
| समयावधि थप विवरण (यदि भएमा) | क) थप समयः ... | क) नाम............. | ख) पद :...... | ग) हस्ताक्षर...... | घ) निर्णय मितिः...... | छाप........ | |
| Variation को विवरण (यदि भएमा) | क) Variation पछिको Contract Amount | क) Variation को निर्णय गर्ने पदाधिकारी को नाम : .... | ख) पद............ | ग) हस्ताक्षर......... | घ) छाप.... | | |
| प्रगति विवरण | क) सम्पन्न रकम : ...... | ख) सम्पन्न मिति....... | ग) सम्पन्न %...... | घ) नाम........ | पद........ | हस्ताक्षर .... | छाप |
| ठेक्का सम्पन्न विवरण | क) अन्तिम ठेक्का रकम........ | ख) सम्पन्न मिति ..... | घ) नाम....... | पद .. | हस्ताक्षर | छाप | |
| **कैफियत** | | | | | | | |

# अनुसुची-५

(कार्यविधिको दफा ४ (२) संग सम्बन्धित)

## “घ” वर्गको निर्माण व्यवसायीको लागि आवश्यक योग्यता

१. आर्थिक क्षमता : प्राईभेट वा पब्लिक लिमिटेड कम्पनी वा साझेदारी फर्मको रुपमा घटीमा पाँच लाख रुपैयाँको चालु पूँजी देखाई उद्योग विभागमा दर्ता भएको हुनु पर्नेछ ।

२. मुख्य जनशक्ति विवरण : मान्यता प्राप्त शिक्षण संस्थाबाट सिभिल इन्जिनियरीङ विषयमा कम्तिमा प्रमाणपत्र तह उत्तीर्ण एक जना, प्राविधिक, कुनै पनि विषयमा प्रमाणपत्र तह उत्तीर्ण एक जना, प्रशासनिक र वाणिज्य शास्त्र/अर्थशास्त्रमा प्रमाणपत्र तह उत्तीर्ण एक जना जनशक्तिको सेवा पूरा समय प्राप्त हुने व्यवस्था हुनु पर्नेछ ।

३. मेशीन र उपकरण :

(क) ट्रिपर /टयाक्टर (एक/एक थान)

(ख) मिक्सर (एक थान)

(ग) Theodolite/Level Machine (एक सेट)

(घ) वाटर पम्प (तीन थान)

(ङ) भाइब्रेटर (तीन थान)

***द्रष्टव्य :***

१. उपकरणको नामावली पेश गर्दा उपकरणको स्वामित्वको प्रमाणपत्रका साथै बिमा गरेको कागजातहरु पेश गर्नु पर्नेछ ।

२. माथि उल्लिखित यान्त्रिक उपकरणहरु ठीक अवस्थामा भएको कुरा मेकानिकल ईन्जिनियरिङ विषयमा कम्तीमा स्नातक तहको शैक्षिक योग्यता भएको नेपाल ईन्जिनियर्स एशोसिएशनको सदस्यता प्राप्त मेकानिकल ईन्जिनियरले प्रमाणित गरेको हुनु पर्नेछ ।

३. माथि उल्लिखित यन्त्र उपकरणहरु दर्ता भएको मितिले घटीमा दुई वर्षसम्म बेचबिखन गर्नपाइने छैन ।

४. पन्ध्र वर्ष भन्दा बढी पुरानो यन्त्र उपकरणहरु निर्माण व्यवसायीको स्तर बृद्धि तथा नयाँ दर्ता हुने प्रयोजनको लागि मान्य हुने छैन ।

प्रमाणिकरण
जनकराज पौडेल
नगर प्रमुख

प्रमाणिकरण मिति २०७५ साल मार्ग ९ गते आईतवार